(दफा ४ तथा अनुसूची–१ को भाग–१ सँग सम्बन्धित)

**त्रिवेणी गाउँपालिका**

# स्थानीय राजपत्र

खण्ड : ०१ संख्या : ३० मिति : २०७७/०३/२९

**भाग : –१**

**त्रिवेणी गाउँपालिका**

त्रिवेणी गाउँसभाको स्वीकृतिबाट जारी

**“त्रिवेणी गाउँपालिकाको औद्योगिक व्यवसाय ऐन, २०७७”**

**प्रमाणिकरण गर्नेको नाम :- झक्कु प्रसाद घर्ति मगर**
**अध्यक्ष**
**त्रिवेणी गाउँपालिका, रुकुम पश्चिम**

# औद्योगिक व्यवसाय ऐन, २०७७

प्रमाणिकरण मितिः २०७७/०३/२८

**प्रस्तावनाः**

गाउँपालिकाको औद्योगीक वातावरणलाई सुविधाजनक, लगानीमैत्री वनाई गाउँस्तरिय उत्पादकत्व र रोजगारीका अवसरका अवसरमा अभिवृद्धि गर्न, गाउँपालिकामा उपलब्ध प्राकृतिक, भौतिक तथा मानवीय स्रोतको अधिकतम उपयोग गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा जोड दिदै औद्योगीक विकासको माध्यमवाट सवल, गतिशील, प्रतिस्पर्धी एवं उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्न गाउँपालिका भित्र लघु, घरेलु तथा साना उद्योग दर्ता, नवीकरण खारेजी र नियमन विकास प्रवर्द्धन गर्न आवश्यक भएकोले, नेपालको संविधान र सो अन्तर्गत वनेको स्वीकृत कार्य विस्तृतिकरण प्रतिवेदन २०७४ एवम् स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी त्रिवेणी गाउँपालिकाले औधोगिक व्यवसाय ऐन २०७७ बनाई जारी गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम औधोगीक व्यवसाय ऐन २०७७ रहेको छ ।

(२) यो ऐन त्रिवेणी गाउँपालिका रुकुम पश्चिम भर लागू हुनेछ ।

(३) यो ऐन गाउँसभाबाट पारित भएको मिति देखि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा विषय वा प्रसङ्गले अर्को अथ नलागेमा यस ऐनमा :-**

(क) “उद्योग” भन्नाले दफा १५ वमोजिमको उर्जामुलक वाहेक आफ्नो उत्पादनको कम्तीमा साठी प्रतिशत निर्यात गर्ने उद्योग सम्झनु पर्छ ।

(ख) “गाउँपालिका” भन्नाले त्रिवेणी गाउँपालिका सम्झनु पर्छ र सो शव्दले उद्योग दर्ता गर्ने प्रयोजनको लागि गाउँ पालिकामा रहेको घरेलु तथा सानो उद्याग इकाईलाई समेत जनाउँछ ।

(ग) “ कार्यालय” भन्नाले त्रिवेणी गाउँपालिकालाई सम्झनु पर्छ ।

(घ) “दर्ता अधिकारी” भन्नाले त्रिवेणी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) “समिति” भन्नाले दफा १७ वमोजिम गठित उद्योग तथा लगानी प्रवर्द्धन समिति सम्झनु पर्छ ।

(च) “घरेलु उद्योग” भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ख) वमोजीमको उद्योग सम्झनु पर्छ ।

(छ) “साना उद्योग” भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ग) वमोजीमको उद्योग सम्झनु पर्छ ।

(ज) “लघुउद्यम” भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (क) वमोजिमका उद्योग सम्झनुपछ

(झ) “स्थिर पुजी” भन्नाले दफा १६ वमोजिमको सम्पत्ति सम्झनु पर्छ ।

(ञ) “वौद्धिक सम्पत्ति” भन्नाले पेटेन्ट, डिजाइन, ट्रेडमार्क, सेवा मार्क, भौगोलीक संकेत चिन्ह, व्यापारिक गोपनियता सोसंग सम्वन्धित अन्य औद्योगीक सम्पत्ति सम्झनुपर्छ र सो शव्दले प्रचलित कानूनले प्रचलित अधिकारको रुपमा परिभाषित गरेको विषयलाई समेत जनाउँछ ।

(ट) “विभाग” भन्नाले उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभाग सम्झनु पर्छ ।

(ठ) “तोकिएको वा तोकिए वमोजिम” भन्नाले यस ऐन अन्तर्तत वनेको नियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ ।

## परिच्छेद -२

**३. उद्योग दर्ता गराउनु पर्ने;:-**

(१) कसैले यस ऐन एवं प्रचलित कानून वमोजिम दर्ता नगराई यस गाउँपालिका भित्र उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका वखत प्रचलित औद्योगीक व्यवसाय सम्वन्धी कानून वमोजिम दर्ता भई सञ्चालनमा रहेका उद्योगले यस ऐन वमोजिम उद्योग दर्ता गराउनु पर्ने छैन ।

**४. उद्योग दर्ता गर्न निवेदन दिनुपर्ने :-**

(१) यस ऐन वमोजिम उद्योग स्थापना गर्न चाहने व्यक्तिले तोकीए वमोजिमको विवरण र कागजात सहित तोकिएको ढाचाँमा गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ । यस्ता कागजातहरु विद्युतीय माध्यमवाट समेत प्रस्तुत गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनकुकै कुरा लेखिएको भए तापनि लघु उद्यम र घरेलु उद्योगको हकमा त्यस्तो उद्योग सञ्चालन भएको मितिवाट छ महिनाभित्र उद्योग दर्ता गर्न निवेदन दिन सकिनेछ ।

**५.उद्योग दर्ताको प्रमाणप्रत्र दिनुपर्ने:**

(१) दफा ४ वमोजीम उद्योग दर्ताका लागि परेको निवेदन जाचवुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको र यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियमावली वमोजिमको प्रक्रिया पूरा भएको देखिएमा निवेदन परेको पन्ध दिनभित्र गाउँपालिकाले निवेदनमा माग भए वमोजिमको उद्योग दर्ता गरी तोकीए वमोजीमको ढाँचामा निवेदकलाई उद्योग दर्ताको प्रमाणप्रत्र दिनु पर्ने छ ।

(२) उद्योग दर्ता गर्दा वातावरणीय प्रभाव मूल्ययाङ्कन वा प्रारम्भिक वातावरण परीक्षण गर्नुपर्ने भएमा सो गरेपछि मात्र उद्योग स्थापना सञ्चालन, व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नु पर्नेछ ।

(३) उपदफा (१) वमोजिम उद्योग दर्ता गर्न बुझाएको कागजात सहितको नवेदन जाँचवुझ गर्दा थप विवरण वा कागजात माग्नुपर्ने देखिएमा गाउँपालिकाले सम्वन्धित निवेदकलाई यस्तो थप विवरण वा कागजात सात दिनभित्र पेश गर्न लगाउँन सक्नेछ ।

(४) उपदफा (१) वमोजीम उद्योग दर्ताको प्रमाणप्रत्र दिदाँ अन्य कुराका अतिरिक्त देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछ ।

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति

(ख) उद्योगले व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नुपर्ने अवधि,

(ग) उद्योगले पालना गर्नुपर्ने शर्तहरु,

(घ) उद्योगको प्रकृति अनुसार तोकिए वमोजिमका अन्य शर्तहरु,

(ङ) उपदफा (३) वमोजीम माग गरेको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियमावली वमोजिमको प्रकृया पुरा भएको नदेखिएमा गाउँपालिकाले कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ र सोको जानकारी सम्वन्धित निवेदकलाई दिनु पर्नेछ ।

(५) यस दफा वमोजीम दर्ता भएको उद्योगले उद्योगदर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तहरुको पालना गर्नु पर्नेछ ।

**६. वातावरणमा प्रतिकूल असरको निराकरण गर्नुपर्ने** :

उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्वन्धित उद्योगको हुनेछ ।

**७. अनुमति लिनुपर्ने** :

(१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका उद्योग दर्ता गर्नु अघि प्रचलित कनूनमा तोकीएको नेपाल सरकार वा प्रदेश सरकारको सम्वन्धित निकायवाट अनुमति लिन पर्नेछ :

(क) अनुसुची १ मा उल्लिखित उद्योग,

(ख) विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसम्वन्धी प्रचलित कानून वमोजीम नेपाल सरकारको स्वीकृत आवश्यक पर्ने उद्योग ।

उपदफा (१) वमोजीम अनुमति आवश्यक पर्ने उद्योग दर्ता गराउन चाहने व्यक्तिले तोकीएको विवरण सहित तोकीएको ढाँचामा गाउँपालिका मार्फत नेपाल सरकार वा प्रदेश सरकारको उद्योग दर्ता सम्वन्धी निकाय समक्ष निवेदन दिनु पर्नेछ । (३) उपदफा (२) वमोजीमको निवेदन र सोसँग सम्वन्धित कागजात जाँचवुझ गर्दा आवश्यक विवरण र कागजात संलग्न भएको देखिएमा गाउँपालीकाको आफ्नो राय सहित निणयको लागि तोकिएको निकाय समक्ष पेश गर्नेछ ।

(४) यस दफा वमोजीम समितिले उद्योग दर्ता गर्न अनुमति दिने वा नदिने संम्वन्धमा एक महिनाभित्र निर्णय गरिसक्नु पर्नेछ ।

(५) उपदफा (४) वमोजीम तोकिएको निकायवाट अनुमति दिने निर्णय भएकोमा त्यस्तो निर्णयको जानकारी प्राप्त गरेको मितिले पन्ध दिनभित्र गाउँपालीकाले तोकीएको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त गरेपछि अनुमतिपत्रमा उल्लेख भएको समयावधिभित्र उद्योग दर्ता गर्न निवेदन दिनु पर्नेछ ।

(७) उपदफा (४) वमोजीम तोकीएको निकायवाट उद्योग दर्ता गर्न अनुमति नदिने निर्णय भएमा सात दिनभित्र गाउँपालिकाले निववेदकलाई सोको जानकारी दिनु पर्नेछ ।

**८. व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गरेको जानकारी दिनुपर्ने** :

(१) यस ऐन वमोजीम दर्ता भएको उद्योगले दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नु पर्नेछ र सोको जानकारी नगरपालिकालाई गराउनु पर्नेछ ।

(२) कुनै उद्योगले उपदफा (१) वमोजीम उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गन नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा कम्तीमा एक महिना अगाडि त्यस्तो अवधि वढाउनका लागि गाउँपालिका समक्ष तोकिए वमोजीम निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) वमोजीम निवेदन प्राप्त हुन आएमा र निवेदनमा उल्लिखित कारण मनासिव देखिएमा गाउँपालिकाले त्यस्तो उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्ने अवर्धि तोकिए वमोजिम वढाउन सक्नेछ ।

(४) उपदफा (३) वमोजीम अवधि वढाइएमा सम्वन्धित उद्योगले सो अवधिभित्र उद्योगको सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नु पर्नेछ ।

(५) उपदफा (२) वमोजीम अवधि वढाउन निवेदन नदिएमा वा उपदफा (१) वमोजीमका अवधि वा उपदफा (३) वमोजीम वढाइएको अवधिभित्र अवधिभित्र पनि त्यस्तो उद्योगले उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ नगरेमा त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र स्वत रद्द हुनेछ ।

(६) उपदफा (५) वर्मोजिम उद्योगको दर्ता प्रमाणपत्र रद्द भएमा गाउँपालिकाको अभिलेखमा रहेको त्यस्तो उद्योगको दर्ता प्रमाणप्रत्रमा कारण खुलाई रद्द भएको व्यहोरा जनाउनु पर्नेछ र सोको अभिलेख अद्यावधिक गर्नु पर्नेछ ।

**९. उजूरी गर्न सक्ने** :

(१) गाउँपालिकाले दफा ५ को उपदफा (५) वमोजीम उद्योग दर्ता गर्न अस्वीकृत गरेमा सो उपरचित नवुझ्ने निवेदकले त्यसको जानकारी पाएको तीस दिनभित्र गाउँ कार्यपालिका समक्ष उजूरी गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजीम उजुरी परेमा मन्त्रालयले उजूरी उपर आवश्यक जाँचवुझ गरी उजुरी परेको मितिले ३५ दिनभित्र सो सम्वन्धमा आवश्यक निर्णय गर्नेछ ।

**१०. अनुगमन गर्ने** :

(१) गाउँपालिका वा कार्यालयले उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शतहरुको पालना गरे नगरेको सम्वन्धमा उद्योगको नियमित अनुगमन गर्न सक्नेछ ।

(२) गाउँपालीका वा कार्यालयले उपदफा (१) वमोजीमको अनुगमनको सिलसिलामा सम्वन्धित उद्योगवाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ ।

(३) इन्जिनेर उपकरण वा मेसिनको प्रयोग गरेको भएमा वँढीमा दश किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको ।

(४) अनुसूचि - २ मा उल्लेख भए वमोजीमका उद्योगहरु ।

**१६. उद्योगको स्थिर पूँजी :**

(१) यस ऐनको प्रयोजनको लागि उद्योगको स्थिर पुजीको मूल्याङ्कन गर्दा देहायको सम्पत्तिलाई आधार मानी मुल्याङ्कन गरिनेछ :-

(क) जमिन तथा जमिनमुनि अण्डरग्राउड अन्तरिक्ष जल वा जलमुनि निर्माण वा सुधार भएका भौतिक संरचना

(ख) जमिनमाथि निर्माण भएका भौतिक संरचना (जस्तौ, ढल निकास, आन्तरिक सडक, खानेपानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली )

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,

(ङ) विद्युत आपूर्ति तथा सोसँग सम्वन्धित उपकरण र प्रणाली,

(च) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पाटपूर्जा,

(छ) परिवहनका साधनहरु,

(ज) कार्यालय सामग्री तथा उपकरण,

(झ) फिक्सचर तथा फर्निचर,

(२) उपदफा (१) वमोजीम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलव्ध गराउनु सम्वन्धित उद्योगको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) वमोजीम प्राप्त भएको जानकारी वा विवरणवाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्वन्धित उद्योगसँग परामर्श गरी गाउँपालिका कार्यालयले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलव्ध गराउन सक्नेछ ।

**११. उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्ने :-**

(१) कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानन्तरण गनुपर्ने भएमा सोको कारण खुलाई उद्योगदर्ता गर्ने निकायसमक्ष उद्योग स्थानान्तरणका लागि तोकिए वमोजीमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) वमोजीम निवेदन प्राप्त हुन आएमायस ऐन वमोजीम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने भएमा सो समेत सम्पन्न गरी गाउँपालिकाले तोकीए वमोजीम उद्योग उत्पादन वा कारोवार प्रारम्भ गरेपछि तोकिए वमोजिमको स्थानान्तरणको स्वीकृति दिन सक्नेछ ।

**१२. विवरण उपलव्ध गराउनु पर्ने :**

(१) प्रत्येक उद्योगले व्यावसायिक विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम पेश गर्नुपर्ने विवरण तोकिए वमोजिम विद्युतीय माध्यमवाट समेत पेश गर्न समिनेछ ।

**१३.उद्योग वन्द गरेमा जानकारी दिनुपर्ने :**

यस ऐन वमोजिम दर्ताभएको उद्योग उद्योगीले कुनै कारणले वन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोवार स्थगन गरेमा त्यसरी वन्दवा स्थगन गरेको मितिले सात दिनभित्र त्यसको जानकारी गाउँपालिकालाई तोकिए वमोजीम दिनु पर्नेछ ।

**१४. उद्योगको दर्ता खारेज गर्न निवेदन दिन सकिने :**

(१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि गाउँपालिका समक्ष तोकिए वमोजीमको कागजात सहित तोकीएको ढाँचामा निवेदन दिन सकिनेछ । तर प्रचलित कानून वमोजीम दामासाहीमा परेको अवस्थामा सोको कानून वमोजीम हुनेछ ।

(२) उपदफा (१) वमोजीम निवेदन प्राप्त हुन आएमा गाउँपालिकाले सम्वन्धित उद्योगले आफ्नो दायित्व फरकफरक गरेको र उद्योगको दर्ता खारेज गर्न उपयुक्त हुने देखिएमा तोकिए वमोजिम उद्योग दर्ता खारेज गरी सोकोजानकार निवेदनलाई दिनु पर्नेछ ।

## परिच्छेद -३
## उद्योगको वर्गीकरण तथा स्थिर पुँजी

**१५. उद्योगको वर्गीकरण** :

यस ऐनको प्रयोजनको लागि उद्योगहरुलाई देहाय वमोजिम वर्गीकरण गरिएको छ ।

**(क) लघु उद्यम :-** देहायको अवस्था भएको उद्योलाई लघु उद्यम मानिननेछ :-

(१) घर जग्गा वाहेक वढीमा २५ लाख रुपैयासम्मको पूजी रहेको ,

(२) उद्यमी स्वय उद्योगको सञ्चालन र व्यवस्थापनमा सलग्न रहेको,

(३) उद्यमी सहित वढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोवार पचास लाख रुपैयाभन्दा कम रहेको र

(५) इन्जिन,उपकरण वा मेसिनको प्रयोग गरेका भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुन विद्युतीय ऊर्जा इन्धन वा अन्य तेल इन्जिन क्षमता वीस किलोवाट वा सोभन्दा कम रहेको । तर

उपखण्ड (१) देखि (५) सम्म जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची - १ वमोजीम स्वीकृति लिनुपर्ने उद्योगलाई लघु उद्यम मानिने छैन ।

**(ख) घरेलु उद्योगः-** देहायको अवस्थामा भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ :-

(१) परम्परागत सीप र प्रविधिमा आधारीत,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एव स्थानीय प्रविधि, कता तथा संस्कृतिमा आधारित,

(३) सञ्चार सामग्री तथा सोसँग सम्वन्धित उपकरण र प्रणली ।

(४) उपदफा (१) मा उल्लिखित सम्पत्तिका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणको विभिन्न चरणमा भएको देहायका खर्चलाई पनि उद्योगको स्थिर पूजीको रुपमा मूल्याङ्कन गरिनेछ :-

(क) पूजीकृत गरिने प्राविधिक तथा सुपरिवेक्षण खच,

(ख) पूर्व लगानी तथा पूर्व सञ्चालन खर्च,

(ग) पूजीकृत हुने व्याज खर्च ।

**(ग)** साना उद्योग : लद्यु उद्यम र घरेलु उद्योग वाहेकको २५ लाख रुपैयासम्म स्थिर पूजीभएको उद्योग ।

**(घ)** मझौला उद्योगः दश करोड रुपैयाभन्दा वढी १ करोड रुपैयासम्म स्थिर पूजी भएको उद्योग,

**(ङ)** ठुला उद्योगः १० करोड रुपैयाभन्दा वढीस्थिर पूजी भएको उद्योग । (२) उपदफा (१) मा उल्लिखित उद्योगलाई त्यस्ता उद्योगवाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय वमोजीम वर्गीकरण गरिनेछ ।

(क) ऊर्जामूलक उद्योग : ऊर्जा उत्पादनगर्ने व्यवसायमा संलग्न अनुसूची -३ मा उल्लिखित उद्योगहरु ।

(ख) उत्पादनमूलक उद्योग : कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्धप्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरु ।

(ग) कृषि तथा वन पैदवारमा आधारित उद्योग : कृषि वा वन पैदवारमा आधारित कच्चा पदार्थवाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वनपैदवारसँग सम्वन्धित अनुसची - ४ मा उल्लिखित उद्योगहरु ।

(घ) खनिज उद्योग : खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातुवाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु ।

(ङ) निर्माण उद्योगः भौगोलीक पूवाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची - ५ मा उल्लेख गरिएका उद्योगहरु ।

**(च)** पर्यटन उद्योग : पर्यटन सेवासँग सम्वन्धित अनुसूची -६ मा उल्लेखित उद्योगहरु ।

**(छ) सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग** : सूचना सङ्गलन प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना सञ्चार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची- ७ मा उल्लिखित उद्योगहरु ।

**(ज) सेवामूलक उद्योग :**सेवा उत्पादन वा प्रदान गर्ने अनुसूची -८ मा उल्लिखित उद्योगहरु ।

(३) कुनै उद्योगले उपदफा (१) मा उल्लेख भए वमोजिमको आफ्नो स्थिर पूजी परिवर्तन वा हेरफेर गर्न चाहेमा गाउँपालिका समक्ष तोकिए वमोजिम निवेदन दिन सक्नेछ ।

(४) उपदफा (१) वमोजीम निवेदन प्राप्त भएमा गाउँपालिकाले त्यस्तो उद्योगको स्थिर पूजी परिवर्तन वा हेरफेर गर्नसक्नेछ ।

(५) उपदफा (४) वमोजीम उद्योगको स्थिर पूजी परिवर्तन वा हेरफेर भएमा त्यस्तो उद्योग स्थिर पूजी परिवर्तन वा हेरफेर भई कायम भए अनुसार उपदफा (१) वमोजिमको जुन वर्गमा पर्ने हो सोही वर्गमा वगीकृत भएको मानिर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिकाले गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी कुनै उद्योगलाई उद्योगको वर्गीकरणमा समावेश गर्न सक्नेछ ।

## परिच्छेद - ४
## उद्योग तथा लगानी प्रवर्द्धन समिति सम्वन्धी व्यवस्था

**१७. उद्योग तथा लगानी प्रवर्द्धन समिति गठन :**

(१) उद्योगको प्रवर्द्धन, स्थापना, लगानी अभिवृद्धी, संरक्षण र विस्तार गरी औद्योगीकीकरणको गतिलाई तीव्रता दिने उद्देश्यले सहजीकरण तथा समन्य सहित आवश्यक नितिगत निर्णय गर्न देहाय वमोजिमको एक उद्योग तथा लगानी प्रवर्द्धन समिति गठन गरिएको छ ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष
(ख) गा.पा. उपाध्यक्ष - उपाअध्यक्ष
(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) गाउँपालिकाले तोकेको गाउँपालिका सदस्यमध्येवाट एक जना महिला - सदस्य
(ङ) उद्योग वाणिज्य संघको प्रतिनिधि - सदस्य
(च) उद्योगको क्षेत्रमा कार्य ख्याति प्राप्त गाउँपालिका भित्रका उद्योगविद वा सो क्षेत्रमा पर्याप्त ज्ञान भएका व्यक्तिहरु मध्येवाट अध्यक्षले तोकेका दुई जना व्यक्ति - सदस्य
(छ) आथिक विकास समिति संयोजक - सदस्य
(ज) गाउँपालिकाको आर्थिक विकास शाखा प्रमुख सदस्य - सचिव

(२) समितिले आवश्यक खेदेमा विषयसँग सम्वन्धित कुनै व्यक्ति वा कुनै अधिकृत कर्मचारी वा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहाकारलाई समितिको वैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको संचिवलय गाउँपालिकामा रहनेछ ।

(४) समितिको वैठक सम्वन्धि कार्यविधि समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

(५) समितिले गरेका निर्णयहरु तथा सम्पादन गरेका कामहरुको विवरण मासिक रुपमा सचिवालयले समितिको अध्यक्ष समक्ष गर्नु पर्नेछ ।

**१८.समितिको काम, कर्तव्य र अधिकार :**

(१) यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजीम हुनेछ :-

(क) औद्योगीक प्रवर्द्धन लगानीको संरक्षण अभिवद्धि तथा औद्योगिकीकरण सम्वन्धी नीतिगत निर्णय गर्ने,

(ख) उद्योग सम्वन्धी कानूनको कार्यान्वयनमा कुनै वाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागी सहजीकरण गर्ने,

(ग) गाउँपालिकाको समग्र औद्योगीकिकरण सम्वन्धी नितिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एव कार्य प्रणालीको नियमित समीक्षा गरी त्यसमा आवश्क सुधार गर्न गाउँ कार्यपालिका समक्ष सिफारीस गर्ने ,

(घ) प्रचलित कानूनको अधीनमा रही विदेशी लगानी र प्रविधि हस्तान्तरण सम्वन्धी आवश्यक नीतिगत निणय गर्ने,

(ङ) औद्योगीक प्रर्दुशन नियन्त्रण सम्वन्धी नीतिगत निर्णय गर्ने,

(च) गाउँपालिकाको औद्योगीक विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक कदम चाल्न गाउँ कार्यपालिका समक्ष सुझाव तथा सिफारीस गर्ने,

(छ) यस ऐन तथा प्रचलित कानून वमोजीम उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उद्योगहरुलाई दिलाउन कुनै कठिनाई आइपरेमा सोको निराकरण गर्ने,

(ज) उद्योगको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्वन्धित निकायलाई मार्गदर्शन गर्ने,

(झ)उद्योगको स्तर र वर्गीकरण तथा प्रकृतिमा थपघट वा परिवर्तत गर्नुपर्ने भएमा गाउँकार्यपालिका समक्ष सिफारिस गर्ने,

(ञ) औद्योगीक लगानी तथा विदेशी लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहन दिन आवश्यकता अनुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने सम्वन्धमा नेपाल सरकार समक्ष सिफारीस तथा सुझाव पेश गर्ने ।

(ट) उद्योगवाट उत्पादित वस्तु वा सेवाको गुणस्तर सुनिश्चि गर्ने सम्वन्धमा आवश्यक नीतिगत निर्णय गर्ने,

(ठ) अधिकृत औद्योगीक सूचना व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याउन गाउँपालिकालाई आवश्यक सुझाव दिन,

(ड) सार्वजनिक निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा प्रतिस्पधात्मक औद्योगीक वातावारण निर्माण गर्न आवश्यक कार्य गर्ने वा गराउने,

(ढ) गाउँपालिकामा औद्योगिकरणको गतिलाई तीव्रता दिन आवश्यक कार्य गर्ने वा गराउने,

(ण) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योग व्यवसायमा प्रत्यक्ष असर पर्ने गरी कुनै नीति तजुमा गर्दा वा त्यसमा परिवर्तन गर्दा समितिसँग परामश लिनुपर्नेछ ।

**१९. समितिको सदस्यले निर्णय प्रक्रियामा भाग लिन नहुने** :

(१) समितिको वैठकमा निर्णयको लागी पेश हुने कुनै कार्यसूचीको सम्वन्धमा हुने निर्णय प्रक्रियामा निजले भाग लिन हुदैन ।

(२) उपदफा (१) वमोजीमको अवस्था आई परेमा सम्वन्धित सदस्यले सदस्य-सचिव मार्फत समितिलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) विपरीत हुने गरी निणय भएको देखिएमा त्यस्तो निर्णय स्वत वदर हुनेछ ।

**२० गोपनीयता कायम राख्नुपर्ने :**

(१) समितिको कामको सिलसिलामा आफ्नो जानकारीमा आएका कुनै सूचना अनाधिकृत तवरले अन्य कुनै व्यक्तिलाई उपलव्ध गराउन वा कसैको लाभ, हित वा फाईदाको लागी प्रयोग गर्ने वा गराउन सुदैन ।

(२) उपदफा (१) विपरीत समितिको अध्यक्ष, सदस्य-सचिव, वैठकमा आमन्त्रित व्यक्ति वा कर्मचारीले कुनै काम गरेमा निजले पदीय आचरण पालना नगरेको मानिनेछ ।

## परिच्छेद - ५
## उद्योगलाई प्रदान गरिने छुट, सुविधा वा सहुलियत सम्वन्धी व्यवस्था

**२१. आयकर सम्वन्धी छुट, सुविधा वा सहुलियत :**

(१) यस ऐन अर्न्तगत दर्ता भएको उद्योगलाई नेपाल कानूनमा तोके वमोजिम आयकर छुट सुविधा वा सहुलियत प्राप्त हुनेछ ।

**२२. मूल्य अभिवृद्धि कर र भन्सार महसुल सम्वन्धी छुट, सुविधा वा सहुलियतः**

(१) यस ऐन वमोजीम दर्ता भएको उद्योगलाई प्रचलित नेपाल कानूनमा तोके वमोजिम मूल्य अभिवद्धि कर र भन्सार महसुल सम्वन्धी छुट संविधान वा सहुलियत प्राप्त हुनेछ ।

**२३. लघु उद्यमको लागि अन्य सुविधा एवं सहुलियत :**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन वमोजिम लघु उद्यम दर्ता गर्दा शुल्क वा दस्तुरमा २५ प्रतिशतसम्म छुट हुनेछ ।

(२) यो ऐन प्रारम्भ हुदाका वखत सञ्चालनमा रहेका लघु उद्यमलाई यो ऐन जारी भएको मितिले र यस ऐन वमोजिम दर्ता भई सञ्चालनमा आएको लघु उद्यमलाई व्यवसाय वा कारोवार शुरु गरेको मितिले प्रचलित नेपाल कानूनमा तोकीएको अवधिसम्म आयकर छुट प्राप्त हुनेछ ।

**२४. महिला दलित तथा जनजाति विपन्न/अतिविपन्न उद्यमीका लागि थप सूविधा** :

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि महिला दलित तथा जनजाति उद्यमीको मात्र स्वामित्व रहेने गरी उद्योग दर्ता गरिएमा त्यस्तो उद्योग दर्ता गर्दा प्रचलित कानून वमोजिम लाग्ने उद्योग दर्ता दस्तुरमा ३५ प्रतिशत छुट हुनेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि महिला उद्यमीको मात्र स्वामित्व रहने गरी दर्ता भएको उद्योगमा प्रयौग गरिने औद्योगिक सम्पति दर्ता गराउदा प्रचलित कानून वर्मोजिम लाग्ने दस्तुरमा २० प्रतिशत छुट हुनेछ ।

(३) महिला उद्यमीले औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्न चाहेमा औद्योगिक क्षेत्रभित्रको स्थान प्राथमिकताका आधारमा तोकिए वमोजीम उपलव्ध गराइनेछ ।

(४) महिला उद्यमीले मात्र स्वामित्व रहेको उद्योगले आफ्नो औद्योगीक उत्पादन नियति गर्ने प्रयोजनको लागि र्कजा माग गरेमा महिला उद्यमीका व्यवसायको वित्तीय स्थितिको आधारमा तोकिए वमोजिम निर्यात कर्जा उपलव्ध गराउन सकिनेछ । साथै विपन्न तथा अतिविपन्न लाई प्राथामीकता दिईने छ ।

**२५. औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगशरुका सम्वन्धमा विशेष व्यवस्था** :

औद्योगिक क्षेत्रभित्र सञ्चालनमा आएका उद्योगमा प्रचलित कानून वमोजीम स्थानीय स्तरमा लाग्ने सम्पत्ति कर लगायसतका स्थानिय करहरु लाग्ने छैन ।

**२६. थप सुविधा तथा सहुलियत** :

देहायका उद्योगहरुलाई दफा २१, २२ र २३ मा उल्लिखित छुट सुविधधा तथा सहुलियतका अतिरिक्त देहाय वमोजिमका थप सुविधा तथा सहुलियत दिन सकिनेछः-

(क) वन पैदवारमा आधारित उद्योगलाई कवुलियत वा लिजमा आवश्यक शर्त तोकी कुनै खास क्षेत्रको वन प्रचलित कानून वमोजीम भोगाहिकार उपलव्ध गराउन सकिन्छ ।

(ख) उद्योगले आफ्नो प्रयोजनको लागी उत्पादन गरेको विद्युतमा प्रचलित कानून वमोजिम लाग्ने दस्तुर वा रोयल्टी लाग्ने छैन ।

(ग) उद्योगले आफ्नो प्रयोजनको लागि उत्पादन गरेको विद्युत वढी भई विक्री गर्न चाहेमा विक्री गरिने विद्युतको परिमाणमा आपसी सहमतिवाट कायम भएको दरमा प्रचलित कानून वमोजिम विक्री गर्न सक्नेछ ।

(घ) निर्यात मुलक उद्योग विशेष औद्योगीक क्षेत्र वा सरकारी वा निजी औद्योगीक क्षेत्रमा स्थापना हुने तोकीए वमोजीमका उद्योगलाई प्रचलित नेपाल कानूनमा तोके वमोजीम थप सुविधा तथा सहुलियत उपलव्ध गराउन सक्नेछ ।

(ङ) राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग वा स्थानीय कच्चा पदार्थ, श्रम र सीपको अधिकतम उपयोग वा नेपालभित्रै प्रविधि वा वस्तुको आविष्कार गरी स्थापना भएका उद्योगहरुको लागि समितिको सिफारिसमा गाउँपालिकाले गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी थप सूविधा तथा सहुलियत दिन सक्नेछ ।

(च) विद्युत आपूर्ति नभएको समयको अनुपातको आधारमा उद्योगले तिर्ने विद्युत महसुलमा लागि आएको डिमाण्ड चार्ज तोकीएको आधारमा तोकिएको कार्यविधि अपनाइ गाउँपालिका वा नेपाल सरकारले छुट दिन सक्नेछ ।

(छ) अति अविकसित क्षेत्रमा उद्योग स्थापना गर्न सहकारी, लघु उद्यम, र साना उद्योगलाई वीउ पूजी सिड क्यापिटल को रुपमा गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोके वमोजीम अनुदान उपलव्ध गराउन सक्नेछ ।

**२७. जग्गा सम्वन्धी व्यवस्था** :

यस ऐन वा प्रचलित कानून वमोजीम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्वन्धित उद्यमीले प्रचलित कानून वमोजिम आफैले खरिद गर्नु पर्नेछ । तर तोकिए वमोजिमका उद्योग सञ्चाल गर्ने उद्यमीले उद्योगका लागि आवश्यक जग्गा खरिद गर्न नसकेमा सोही व्यहोरा खुलाई जग्गा खरिद गर्ने वा जग्गा उपलव्ध गराईदिन अनुरोध गरेमा गाउँपालिकाले प्रचलित कानून वमोजीम जग्गा खरिद गर्न वा जग्गा उपलव्ध गराइदिन सम्वन्धमा आवेश्यक समन्वय र सहजीकरण गर्नेछ ।

**२८. लिजमा जग्गा उपलव्ध गराउने** :

(१) राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग सञ्चालन गर्न नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा आवश्यक पर्ने भएमा त्यस्ता उद्योगले आफुलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल खुलाई उपलव्ध गराउन गाउँपालिका समक्ष तोकिए वमोजीम निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) वमोजीम निवेदन प्राप्त हुन आएमा गाउँपालिकाले उद्योगलाई आवश्यक पर्ने जग्गा उपलव्ध गराउने सम्वन्धमा आवश्यक कारवाही अगाडि वढाउन नेपाल सरकार समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) वमोजीम निवेदन प्राप्त भएको मितिले ६ महिना भित्र नेपाल सरकारले प्रचलित कानून वमोजिम त्यस्तो जग्गा उद्योग सञ्चालनको प्रयोजनको लागि सम्वन्धित उद्योगलाई लिजमा उपलव्ध गराउन सक्नेछ ।

(४) उपदफा (३) वमोजीम नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा लिजमा उपलव्ध गराए वापत उद्योगले तिर्नुपर्ने रकम र लिज सम्वन्धी अन्य शर्तहरु नेपाल सरकार र सम्वन्धित उद्योग वीच हुने सम्झौतामा उल्लेख भए वमोजिम हुनेछ ।

(५) यस दफा वमोजीम लिजमा जग्गा प्राप्त गरी सञ्चालन भएको उद्योग कुनै कारणवश सञ्चालन हुन नसकेमा उपदफा (३) वमोजिम नेपाल सरकारले उपलव्ध गराइको जग्गाको लिज सम्झौता स्वत रद्द हुनेछ र त्यस्तो जग्गा नेपाल सरकारले फिर्ता लिनेछ ।

**२९. जग्गाको अधिकतम हदवन्दीमा छुट** :

(१) कुनै उद्योगलाई आवश्यक पर्ने जग्गा प्रचलित कानून वमोजीम राख्न पाउने जग्गाको अधिकतम हदभन्दा वढी भएमा सो वढी भएसम्मको जग्गा राख्ने छुट पाउन त्यस्तो उद्योगले उद्योग गाउँपालिका मार्फत नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम निवेदन पर्न आएमा उद्योगको आवश्यकताको आधारमा नेपाल सरकारले प्रचलित कानून वमोजीम तोकीएको शर्तको अधीनमा रही तोकीएको हदसम्मको जग्गा राख्न पाउने गरी छुट दिन सक्नेछ ।

**३०. छुट, सुविधा वा सहुलियतको प्रत्याभूति** :

(१) यो ऐन प्रारम्भ हुदाको वखत दर्ता भई सञ्चालनमा रहेका उद्योगलाई यस ऐन र प्रचलित कानून वमोजिम प्रदान गरिएको छुट सुविधा वा सहुलियतलाई सीमित गर्ने गरी कुनै व्यवस्था गरिने छैन ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा तत्काल अघि वहाल रहेको औद्योगिक व्यवसाय ऐन २०४९ र औद्योगीक व्यवसाय ऐन २०७३ अन्तर्गत अनुमति प्राप्त गरी वा दर्ता गरी सञ्चालनमा रहेको उद्योगले सो ऐन वमोजिम अवधि किटिएका छुट सुविधा वा सहुलियतका छुट सुविधा वा सहुलियत पाउनेछ ।

(३) यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएको वा अनुमतिप्राप्त गरेको तर यो ऐन प्रारम्भ भएपछि मात्र व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गरेको उद्योगले यस ऐन वमोजिमका छुट सुविधा वा सहुलियत पाउनेछ । तर त्यस्तो उद्योग दर्ता वा अनुमति प्राप्त गर्दाका वखत कायम रहेको औद्योगिक व्यवसाय सम्वन्धी प्रचलित कानून वमोजिम छुट, सुविधा वा सहुलियत पाउने अवधि यस ऐनले प्रदान

गरेको छुट सुविधा वा सहुतियत भन्दा वढीँ अवधिको भएमा वा यस ऐन वमोजिम त्यस्तो छुट, सुविधा वा सहुलियत पाउने भएमा तत्काल प्रचलित औद्योगिक व्यवसाय सम्वन्धी कानून वमोजिमको छुट, सुविधा वा सहुलियत पाउनेछ ।

**३१. औद्योगिक सुरक्षा सम्वन्धी व्यवस्था** :

प्रचलित कानून वमोजिम स्थापना भएको उद्योगको लागि आवश्यकता अनुसार नेपाल सरकारसँग समन्वय गरी गाउँपालिकाले तोकिए वमोजिम औद्योगीक सुरक्षा उपलव्ध गराउनेछ ।

**३२. छुट, सुविधा वा सहुलियतको दुरुपयोग गर्न नहुने :**

यस ऐन वमोजिम वा प्रचलित कानून वमोजिम उद्योगले प्राप्त गर्ने छुट, सुविधा वा सहुलियत जुन प्रयोजनका लागि दिइएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नु पर्नेछ र त्यसको दुरुपयोग गर्न पाइने छैन ।

## परिच्छेद - ६
## रुग्ण उद्योग सम्वन्धी व्यवस्था

**३३. रुग्ण उद्योगको पहिचान :**

(१) उद्योगले आफ्ना व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गरेको मितिदेखि न्युनतम ५ वर्ष सञ्चालनमा रही नियतवश वा व्यवस्थापकीय कमजोरीका कारणले नभई काबु वाहिरको परिस्थिति परि लगातार पछिल्ला तीन वर्षसम्म उद्योगको जटिल क्षमताभन्दा ३० प्रतीशत वा सोभन्दा कम क्षमतामा सञ्चालन भई सो ३ वर्षको अवधिमा लगातार घाटामा सञ्चालनमा रहेको उद्योगलाई तोकिए वमोजिमको मापदण्डका आधारमा तोकिए वमोजिमको कार्यविधि अपनाई गाउँपालिकाले रुग्ण उद्योगको रुपमा पहिचान गर्न सक्नेछ ।

(२) उपदफा (१) वर्मोजिम रुग्ण भई वन्द अवस्थामा रहेको उद्योगले रुग्ण हुनुभन्दा पहिले रोजगारी सिर्जना वा आयात प्रतिस्थापन वा निर्यात प्रर्वद्धन गरी स्वदेशी वा विदेशी मुद्रा आर्जन गर्न योगदान पुर्याको आधारमा तोकिए वमोजिम निश्चित छुट, सुविधा वा सहुलियत उपलव्ध गराउँदा पुनःसञ्चालनमा आउन सक्ने अवस्था देखिएमा गाउँपालिकाले त्यस्तो उद्योगको पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापनका लागि तोकिए वमोजिम आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**३४. रुग्ण उद्योगको वर्गीकरण** : दफा ३३ वमोजिम पहिचान भएका उद्योगहरुलाई तोकिए वमोजिमको मापदण्डका आधारमा रुग्ण र रुग्ण उन्मूख उद्योगका रुपमा वर्गीकरण गरी त्यस्ता उद्योगहरुको व्यवस्थापनका लागि तोकिए वमोजिम आवश्यक व्यवस्थ ागर्न सकिनेछ ।

**३५. रुग्ण उद्योग सम्वन्धी सुविधा, सहुलियत तथा छुट :**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३३ वमोजिम रुग्ण उद्योगको रुपमा पहिचान भएको वा दफा ३४ वमोजिम वर्गीकरण गरिएको उद्योगले त्यस्तो उद्योगको विस्तार पुर्न सञ्चालन वा विविधीकरणका लागि आयात गर्ने मेसिनरी औजार वा उपकरणमा तोकिए वमोजिम महसुल, शुल्क वाहेकमा पूर्ण वा आशिक छुट दिन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लिखित सुविधाका अतिरिक्त त्यस्ता उद्योगको पुनरुत्थान, पुननिर्माण तथा व्यवस्थापनका लागि तोकिए वमोजिमका अन्य थप सुविधा सहुलियत तथा छुट उपलर्व्ध गराउन सकिनेछ ।

**३६. रुग्ण उद्योग सम्वन्धी संस्थागत व्यवस्था** :

(१) यस परिच्छेद वमोजिम रुग्ण उद्योगको पहिचान, वर्गीकरण र पुनरुतथान पुननिर्माण तथा व्यवस्थापनका लागि सुझाव दिन गाउँपालिकाले सम्वन्धित क्षत्रका विशेषज्ञहरु समेत रहेको एक उच्चस्तरीय निकाय गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम गठित निकायको संरचना, काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद - ७
## सजाय र पुनरावेदन सम्वन्धी व्यवस्था

**३७. सजाय सम्वन्धी व्यवस्था** :

(१) कसैले यस ऐन वमोजिम उद्योग दर्ता गराई वा नगराई उद्योग स्थापना वा सञ्चालन गरे वा नगरेको सम्वन्धमा गाउँपालिकाले तोकिए वमोजिम आवश्यक अनुगमन, छानविन वा निरीक्षण गर्दा यस ऐन वमोजिम एवम् प्रचलित कानून वमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा गाउँपालिकाले त्यस्तो उद्योग स्थापना वा सञ्चालन गर्ने व्यक्ति तथा सोसंग सम्वन्धित विवरण सहितको प्रतिवेदन तयार गरी कारवाहीका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकामा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम प्रतिवेदन प्राप्त हुन आएमा गाउँ कार्यपालिकाले त्यस्तो व्यक्तिलाई यस ऐन वमोजिम उद्योग दर्ता गराई सञ्चालनमा ल्याउन र सोको प्रमाण पेश गर्न वढीमा ३ महिनाको समय दिन सक्नेछ ।

(३) उपदफा (२) वमोजिमको समयावधिभित्र उद्योग दर्ता नगर्ने व्यक्तिलाई गाउँपालिकाले देहायका कारवाही गर्नसक्नेछ :-

(क) त्यस्तो व्यक्तिले स्थापना वा सञ्चालन गरेका उद्योग वन्द गर्न आदेश दिने,

(ख) उद्योगको स्तर यकिन गरी सोको आधारमा लघु उद्यमस्तरको भए दश हजार देखि पच्चीस हजार रुपैया सम्म घरेलु तथा साना उद्योगकोस्तर भए पच्चीस हजार देखि एक लाख रुपैयासम्म जरिवाा गर्ने ।

(४) उपदफा (३) वमोजिम तोकिएको विवरण तोकिएको अवधिभित्र उपलव्ध नगराएमा गाउँपालिकाले प्रत्यक आर्थीक वर्षको लागी देहायका उद्योगलाई देहायको जरिवाना गर्न सक्नेछ :-

(क) लघु उद्यमलाई १० हजार रुपैयाको दरले,

(ख) घरेलु उद्योगलाई १५ हजार रुपैयाको दरल,े

(ग) साना उद्योगलाई २५ हजार रुपैयाको दरले ।

(५) देहायका कार्य गरेमा गाउँपालिकाले देहाय वमोजिमको सजायको लागि नेपाल सरकार समक्ष सिफारिस गर्नसक्नेछ :-

(क) दफा ३२ विपरीत कार्य गर्ने उद्योगलाई यस ऐन वमोजिमको छुट, सुविधा वा सहुलियत नदिने वा त्यस्तो छुट सुविधा वा सहुलियत प्राप्त गरिसकेको भए प्राप्त गरेको छुट, सुविधा वा सहुलियतको रकम असूल गर्ने वा सो वरावरको रकम जरिवाना गर्नेवा दुवै सजाय गर्ने,

(ख) दफा ४३ वमोजिम व्यावसायिक सामाजिक जिम्मेवारी वहन नगरेमा त्यस्तो उद्योगको वाषिक कारोवारको  शुन्य दशमलव सात पाँच प्रतिशतले हुन आउने रकम जरिवाना गर्ने,

(ग) दफा ५ को उपदफा (६) वमोजिम गाउँपालिकाले समय-समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा वा दफा २९ को उपदफा (२) वमोजिमको शर्त पालना नगरेमा देहायको उद्योगलाई देहाय वमोजिमको जरिवाना गर्न सक्नेछ :-

(१) लघु उद्येमको हकमा पच्चीस हजार देखि एक लाख रुपैया सम्म,

(२) घरेलु तथा साना उद्योगको हकमा दुई लाख देखि पाच लाख रुपैयासम्म

(घ) खण्ड (ग) वमोजिम जरिवाना गर्दा समेत दफा ५ को उपदफा (६) वमोजिम गाउँपालिका समय समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेमा वा दफा २७ को उपदफा (२) वमोजिमको शर्त पालना नगरेमा त्यस्तो उद्योगलाई निश्चित अवधिका

लागि उद्योग सञ्चालन वन्द गराउन आदेश दिने वा तयस्तो उद्योगको दर्ता वा अनुमति खारेज गर्न आदेश दिन सक्ने ।

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियमावलिको अन्य कुनै प्रावधान उल्लंघन गरेमा लघु उद्यम भए पन्ध हजार रुपैयासम्म घरेलु तथा साना उद्योग भए पन्ध हजारदेखि तीस सजार रुपैयासम्म जरिवाना गर्ने ।

(६) यस दफा वमोजिम सजाय गर्नुभन्दा अघि सजाय गर्ने अधिकार प्राप्त अधिकारीले सम्वन्धि उद्योग वा व्यक्तिलाई आफ्नो सफाई तथा सवुत पेश गर्न पन्ध दिनको समय दिनुपर्नेछ ।

**३८. पुनरावेदन सम्वन्धी व्यवस्था** : दफा ३७ वमोजिमको सजायको आदेश उपर चित्त नवुझेमा सजायको जानकारी पाएको मितिले पैतीस दिनभित्र त्यस्तो उद्योग वा व्यक्तिले सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद - ८
## विविध

**३९. विशेष आर्थिक क्षेत्र सम्वन्धी व्यवस्था** :

औद्योगिक क्रियाकलापलाई सघन रुपमा, सञ्चालन गर्नका लागि नियात प्रवद्धन क्षेत्र वा निर्यात प्रशोधन क्षेत्र वा विशेष आर्थिक क्षेत्र वा विशेष व्यापारिक क्षेत्र वा पर्यटकीय वा अन्य कुनै क्षेत्र रहने गरी गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी गाउँपालिकाको कुनै स्थान वा क्षेत्रलाई ताक्न सक्नेछ ।

**४०. औद्योगिक जनशक्ति** :

(१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकवाटै पूर्ति गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानिय राष्ट्रियस्तरको सार्वजनिक पत्रपत्रिकामा विज्ञापन प्रकाशन गर्दा पनि उद्योगको लागि चाहिने कुनै खास सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिकमध्येवाट उपलव्ध हुन नसकेमा वा उच्च व्यवस्थापन तहको पदमा उपदफा (३) वमोजिम गाउँपालिकाको सिफारिसमा प्रचलित नेपाल कानून वमोजिम नेपाल सरकारको स्वीकृति लिई वढीमा पाँच वर्षसम्मको लागि त्यस्तो उद्योगले विदेशी नागरिक नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि नेपाल सरकारले सिफारिस गर्दा त्यस्तो उद्योगले माग गरे वमोजिमको सीप वा दक्षता भएको जनशक्ति नेपालि नागरिकवाट पूर्ति गर्न प्रयास गरे वा नगरेको , त्यस्तो सीप वा दक्षता भाषाको जनशक्ति उद्योगलाई आवश्यक भए वा नभएको र त्यस्तो नजशक्ति नेपालमा उपलव्ध हुन सक्ने वा नसक्ने सम्वन्धमा यकिन गरी त्यस्तो जनशक्ति सम्वन्धित उद्योगलाई आवश्यक भएको र नेपालमा उपलव्ध हुन नसक्ने अवस्था रहेको देखिएमा नेपाल सरकार समक्ष श्रम स्वीकृतिको लागि सिफारिस गर्नुपर्नेछ ।

(४) उपदफा (२) वमोजिम नियुक्त गरिएको विदेशी नागरिक विशिष्ट प्रकारको प्राविधिक भई त्यस्तो जनशक्ति वर्षसम्मको लागि पुन नियुक्त गर्न सकिनेछ ।

(५) उपदफा (२) वमोजिम कुनै उद्योगमा विदेशी नागरिक नियुक्त भएमा निजको देशमा परिवत्य विदेशी मुद्रा प्रचलनमा रहेको भए विदेशी नागरिकले प्राप्त गरेको तलव , भत्ता, पारिश्रमीक रकमको वढीमा पचहत्तर प्रतिशतसम्म परिवत्य विदेशी मुद्रामा लैजान पाउनेछ ।

(६) सुदृढ औद्योगिक सम्वन्धलाई उत्पादकत्व वृद्धिको प्रवल आधार मानी काम नगर्दाको अवधिको पारिश्रमिक दिनु पर्ने छैन । यस सम्वन्धमा श्रम वा प्रचलित कानूनले निर्दिष्ट गरे वमोजिम हुनेछ ।

(७) उद्योगमा कार्यरत कामदार तथा कर्मचारीले उद्योगको सञ्चालन तथा त्यसको उत्पादनमा वाधा अवरोध पुग्ने गरी वन्द हडताल जस्ता कुनै पनि काम कारवाही गर्न पाउने छैनन् ।

तर कामदार तथा कर्मचारीले आन तथा त्यसको उत्पादनमा वाधा अवरोध पुग्ने गरी वन्द हडताल जस्ता कुनै पनि काम कारवाही गर्न पाउने छैनन् । तर कामदार तथा कर्मचारीले आफ्नो जायज मागहरु शान्तिपूर्ण ढगले व्यवस्थापन समक्ष राख्न र आपसी समझदारीमा समाधान गर्न यो उपदफाले वाधा पुयाएको मानिने छैन ।

(८) उपदफा (७) वमोजिम विवाद समाधान हुन नसकेमा विवाद समाधान गर्ने प्रयोजनका लागि प्रचलित कानून वमोजिम गठन भएको ट्रिव्युनलमा त्यस्ता विवाद पेश गर्न संकिनेछ । त्यस्तो ट्रिव्युनलवाट भएको निणय अन्तिम वमोजिम गठन भएको ट्रिव्युनलमा त्यस्ता विवाद पेश गर्न सकिनेछ । त्यस्तो ट्रिव्युनलवाट भएको निर्णय अन्तिम हुनेछ र दुवै पक्षलाई मान्य हुनेछ ।

**४१. करार गरी उत्पादन गर्न सक्ने :**

(१) प्रचलित कानून वमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनी वा फम वा प्रतिष्ठानले वस्तु वा सेवाको उत्पादन गर्न सक्नेछन ।

(२) उपदफा (१) वमोजिम कुनै नियातमूलक उद्योग वा निर्यात प्रवद्धन गृहको लागि तोकिए वमोजिमको मापदण्ड पुरा गरी करार (कन्ट्याक्ट म्यानुफ्याक्चरिङ्ग ) वा उपकरार ( सव-कन्ट्याक्ट म्यानुफ्याक्चारङ्ग) का आधारमा निश्चित परिमाणमा वस्तु वा सेवाको उत्पादन गरिदिएमा त्यस्तो उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाई तोकिए वमोजिमको छुट सुविधा र महुलियत उपलव्ध गराउन सकिनेछ ।

**४२. कोष सम्वन्धी व्यवस्था :**

(१) गाउँपालिकाले गाउँपालिकाको औद्योगिक विकास, प्रवर्द्धन तथा संरक्षणका लागि निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा आवश्यकता अनुसार देहायका कुनै वा सवै कोष खडा गर्न सक्नेछ :-

(क) लघु घरेलु तथा साना उद्यम विकास कोष,
(ख) जोखिम पूजी भेन्चर (क्यापिटल) कोष,
(ग) प्रविधि विकास कोष / सम्चीत कोष
(घ) औद्योगीक लगानि संरक्षण तथा प्रवर्द्धन कोष,
(ङ) रुग्ण उद्योग पुनरुत्थान, पुननिर्माण तथा व्यवस्थापन कोष,
(च) महिला उद्यमशीलता विकास कोष / विपत अतिविपत उद्यमशिलता कोष,

(२) उपदफा (१) मा उल्लिखित कोषमा जम्मा हुने रकम, त्यस्ता कोषको व्यवस्थापन र सञ्चालन सम्वन्धी कार्यविधि र अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(३) यो ऐन प्रारम्भ हुदाका वखत प्रचलित कानूनवाट स्थापना र सञ्चालन भएका लघु घरेलु तथा साना उद्येम विकास कोष लघु , घरेलु तथा साना उद्योग कर्जा प्रवाह कोष, प्रविधि विकास कोष र महिला उद्यमशीलता विकास कोष यसै ऐन वमोजिम स्थापना र सञ्चालन भएको मानिनेछ ।

**४३. व्यावसायिक सामाजिक जिम्मेवारी** :

(१) वाषिक पन्ध्र करोड रुपैयाँ भन्दा वढी कारोवार गर्ने घरेलु वा साना उद्योगले वार्षिक सुनाफाको कम्तीमा एक प्रतिशत रकम व्यावसायिक सामाजिक जिम्मेवारी वहन गर्ने प्रयोजनार्थ प्रत्येक आर्थिक वर्षका लागि छुट्याइएको छ । सो वमोजिम छुट्याइएको रकम वार्षिक योजना तथा कार्यक्रम वनाई तोकिए वमोजिमका सिफारीस गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रत्येक उद्योगले प्रत्येक आर्थिक वर्षमा भएको कारोवारको रकम र सो आर्थिक वर्षका लागी पेश गरिएको व्यावसायिक सामाजिक जिम्मेवारी वहन अन्तर्गतको योजना तथा कार्यक्रमको प्रगति विवरण सो आर्थिक वर्ष व्यतित भएको तीन महिनाभित्र गाउँपालिका भित्र समक्ष पेश गर्नु पर्नेछ । सो विवरण साथ चालु आर्थिक वर्षको व्यावसायिक सामाजिक जिम्मेवारी वहनको योजना तथा कार्यक्रम समेत संलग्न गरिएको हुनु पर्नेछ ।

**४४. औद्योगीक ग्राम तथा औद्योगीक क्लष्टर घोषण गर्न सक्ने** : औद्योगीक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलव्ध रहेका नगरपालिकाको कुनै भाग वा स्थानलाई तोकिए वमोजिमका मापदण्डका अधिनमा रही गाउँपालिकाले गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर घोषणा गरी तोकिए वमोजिमको स्रोत, सुविधा तथा सहुलियत उपलव्ध गराउन सक्नेछ ।

**४५. आवासीय भवन, अन्य भवन वनाउन वा वस्ती वसाउन नसकिने :**

(१) यो ऐन प्रारम्भ भएपछि स्थापना हुने औद्योगिक क्षेत्र विशेष आर्थिक क्षेत्र तथा औद्योगिक कोरिडोरको नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वा गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्र र दुरीभित्र कुनै पनि किसिमको आवासीय भवन वा अन्य भवन वनाउन वा वस्ती वसाउन सकिने छैन । त्यसैगरी प्रचलित कानूनले आवासक्षेत्र एवं विशेष प्रयोजनको लागि भनि तोकिएको क्षेत्रमा उद्योग स्थापना गर्न पाइने छैन ।

(२) उपदफा (१) वमोजिम तोकिएको क्षेत्र र दुरिभित्र रहेको कसैको निजि जग्गामा आवासीय भवन वा अन्य भवन वा वस्ती वसाउन नदिएको कारणवाट हानि नोक्सानी पुग्न जाने भएमा नेपाल सरकारले तोकिएको म्यादभित्र तोकिए वमोजिमको प्रक्रिया पुरा गरी सम्वन्धीत व्यक्तिलाई मनासिव माफिकको क्षेतिपूर्ति दिनु पर्नेछ ।

**४६. अधिकार प्रत्यायोजन** :

यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियमावली वमोजिम समितिलाई प्राप्त भएको अधिकारमध्ये कुनै वा सवै अधिकार समितिले आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृत गाउँपालिका आर्थिक विकास शाखा संयोजक वा यस ऐन अन्तर्गत गठन भएको समिति वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**४७. वाधा अड्काउ फुकाउने अधिकार** :

यस ऐनको कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ परेमा गाउँकार्यपालिकाले गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो वाधा अड्काउ फुकाउ सक्नेछ ।

**४८. अनुसूची हेरफेर वा थपघट गर्न सक्ने** :

गाउँ कार्यपालिकाले गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुशार हेरफेर , थपघट वा परिमार्जन गर्न सक्नेछ ।

**४९. यसै ऐन वमोजिम हुने** :

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिए जति कुरामा यसै ऐन वमोजिम हुनेछ ।

**५० नियम वनाउने अधिकार :**

यस ऐनलाई कार्यान्यिन गर्न गाउँपालिकाले आवश्यक नियम तथा कार्यविधी वनाउन सक्नेछ ।

**५१. निर्देशिका, कार्यविधि वा मापदण्ड वनाई लागू गर्न सक्ने** :

गाउँपालिकाले उद्योगको दता नियमन सम्वन्धी काम कारवाहिलाई सरल वनाउन आवश्यक अनुसार निर्देशिका कार्यविधि वा मापदण्ड वनाई लागु गर्न सक्नेछ ।

## अनुसूची -१
## (दफा ७ सँग सम्वन्धित)
## अनुमति लिनुपर्ने उद्योगहरु

१.हातहतियार गोली गठ्ठा, वारुद उत्पादन गर्ने उद्योग,

२. विस्फोटक पदार्थ उत्पादन गर्ने उद्योग,

३. संरक्षात्मक छपाई (सेक्युरिटी प्रिन्टिङ) मुद्रा तथा सिक्का उद्योग,

४. चुरोट, विडी , खैनि, सिँगार तथा सुर्ती मुद्यय कच्चा पदार्थ हुने वस्तु उत्पादन गर्ने उद्योग,

५. वियर तथा मदिरा उत्पादन गर्ने उद्योग,

६. ढुंगा गिट्ठि, वालुवा उत्खनन्, प्रशोधन गर्ने मझौला तथा ठुला उद्योग,
७. रेडियो सञ्चार उपकरण उत्पादन गर्ने उद्योग,
८. वहुमूल्य खनिज उत्पादन गर्ने उद्योग र
९. प्रचलित कानून वमोजिम अनुमति लिनुपर्ने अन्य उद्योग ।

## अनुसूची -२
## (दफा १५ को उपदफा (१) को खण्ड -ख) सँग सम्वन्धित)
## घरेलु उद्योगहरु

१. ह्याण्ड लुम, पेडल लूम, सेमी - अटोमेटिक लूम, कपडा वार्पिङ्ग, परम्यरागत प्रविधिवाट गरिने राङ्गाई तयारी पोशाक वाहेक र वुनाई,
२. ऊन र रेशममा आधारित हार्त वुनाईका राडी, पाखी, गलैचा, पश्मिना, पोशाक, हातेकागज र सोमा आधारित वस्तु,
३. परम्परागत कलामा आधारित वस्तु
४. परम्परागत मुर्तिकला,
५. तामा, पितल, ढलौट, काँस र जर्मन सिल्भर जस्ता धातुवाट हस्तानिर्मित भाडावर्तन तथा हस्तकलाका सामान,
६. फलार्मवाट वनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरयसी प्रयोगका चक्कु चुलेसी खुकुरी हसिया कूटो कोदालो जस्ता परम्परागत औजारहरु,
७. सुन चादीवाट हस्तनिमित गरगहना, वस्तु भाडाँ वर्तनहरु - वहुमूल्य अर्ध-वहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत,
८. स्वदेशमा उपलव्ध किमति, अर्ध किमति तथा साधारण पत्थरकटाई उद्योग ग्रामीण ट्यानिङ्ग छालावाट हस्त निमिर्त वस्तुहरु ,
९. जुट, सवाइ घाँस, चोया, वावियो, धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,
१०.पत्थरकला (ढुँगा,कुदी वनाइएका सामानहरु
११. पोभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला,
१२. मुकुण्डा मास्क तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना,
१३. परम्परागत सस्कृत वाजागाजा र कला दशाउने विभिन्न प्रकारका हस्तकलाहरु वस्तु,
१४. काठ, हाड, सिङ्ग तथा माटो, चट्टान र खनिजको कलात्मक वस्तुहरु सेरामिक्स तथा माटाका भाडाकुडा,
१५. हातले छाप्ने ईटा उद्योग ।

## अनुसूची -३
## (दफा १५ को उपदफा (२) को खण्ड (क) सँग सम्वन्धित)
## ऊर्जा मुलक उद्योग

१. जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वाग्यास, वायोमास वा अन्य स्रोतहरुवाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो ऊर्जा उत्पादन गर्न गरिने मेसिन/ उपकरण निर्माण गर्ने उद्योग,
२. विद्युत प्रसारण लाइन,
३. वैकल्पीक ऊर्जा,
४. विद्युत वितरण प्रणाली ।

## अनुसूची -४
## (दफा १५ को उपदफा (२) को खण्ड (ग) सँग सम्वन्धित)
## कृषि तथा वन पैदावारमा आधारित उद्योग

१.फलफुल खेती वा फलफुल प्रशोधन,
२. खाद्यवस्तु पशोधान,
३. पशुपालन पक्षीपालन (अष्ट्रिच समेत), पशुपक्षी प्रजनन र  मासु उत्पादन तथा प्रशोधन,
४. दूध उद्योग (दुधका परिकार उत्पादन समेत),
५. मत्स्यपालन, माछाभुर उत्पादन , प्रशोधन एवं प्याकेजिङ्ग,
६. रेशम खेती तथा रेशम प्रशोधन,
७. चिया वगान, चिया प्रशोधन,
८. कफी खेती, कफी प्रशोधन,
९. जडिवुटी खेती, जडिवुटी प्रशोधन,
१०, तरकारी वीउ विजन उत्पादन,
११. तरकारी खेती, तरकारी प्रशोधन,
१२. हरित गह स्थापना र सञ्चालन,
१३. मौरीपालन, (मौरी प्रजनन् , मह उत्पादन र प्रशोधन),
१४. पुष्प खेती, पुष्प प्रशोधन (माला वनाउने सजावट गर्ने गुच्छा वनाउने र वीउ विजन उत्पादन समेत)
१५. नर्सरी व्यवसाय,
१६. रवर खेती रवरको  प्राशोधन र सञ्चालन,
१७. शीत भण्डार कृषि वजार,
१८. सामुदायिक कवुलियति, साझेदारी र निजी वनको स्थापना र व्यवस्थापन,
१९. नगदे वालीको व्यावसायिक खेति तथा प्रशोधन (जस्तै ऊखु, कपास, सनपाट, सजिवन, स्वीट सरघम, स्टेभिया रेवैडिएन, सुर्ती, जुट, अलैंची, अदुवा केशर, तेलहन र यस्तै मसलावाली, दलहन आदि)
२०. वेत, वास खेती र वेत वाँसजन्य उत्पादनहरु,
२१. वनस्पति उद्योन स्थापना र व्यवस्थापन,
२२. वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चर समेत)
२३. वीउविजन प्रशोधन र
२४. अन्य गैर काष्ठजन्य वन पैदवारमा आधारित ।

## अनुसूची -५
## (दफा १५ को उपदफा (२) को खण्ड (ङ) सँग सम्वन्धित)
## निर्माण उद्योग

१. सडक पुल,सुरुङ्ग,
२. रोपद, रेलवे, ट्राम, ट्लिवस, केवुल कार, मोनोरेल र स्लाइडिङ्गकार,
३. हवाई धावन मार्ग विमानस्थल,
४. औद्योगिक संरचना एवं पुर्वाधार कम्प्लेक्स,
५. सभा सम्मेलन केन्द्र,
६. ढल तथा ढल निकास,
७. खानेपानी आपूर्ति तथा वितरण ,
८. सिचाइ पूर्वाधार,

९. खेलकुद गृह, रङ्गशाला,
१०. सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह
११. निर्यात प्रशोधन क्षेत्र,
१२. विशेष आर्थिक क्षेत्र,
१३. कागो कम्प्लेक्स,
१४. दृषित पानी प्रशोधन केन्द्र,
१५. टेलिफोन टावर, अप्टिकल फाइवर नेटवक, भू-उपग्रहप्रसारण केन्द्र,
१६. घर तथा आवास भवन,
१७. फिल्म सिटि निर्माण, फिल्म स्टुडियो निर्माण र
१८. व्यापारिक कम्प्लेक्स

**अनुसूची -६**
**(दफा १५ को उपदफा (२) को खण्ड (च) सँग सम्वन्धित)**
**पर्यटन उद्योग**

**१.** पर्यटक आवास, मोटेल, होटेल, रिसोर्ट तथा रेष्टुरा,
२. ट्रभल एजेन्सी टुर अप्रेटर, हिलिङ्ग सेन्टर, क्यासिनो मसाज स्पा,
३. साहसिक पर्यटन स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर याफुटिङ्ग, हट एयरव्यालुभिङ्ग, क्यानोनिङ, प्यारा सेलिङ्ग, घोडचढी हात्तीचढी, वन्जीवम्पिङ्ग, हिमाल आरोहरण र अवलोकन,
४. गल्फ कोस, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा,
५. ग्रामीण प्रयटन, होम स्टे  तथा पर्यावरणीय पर्यटन,
६. सास्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद प्रर्यटन,
७. मनोरञ्जन पार्क,
८. वन्यजन्तु आरक्ष र
९. माउन्टेन फ्लाइट सञ्चालन ।

**अनुसूची -७**
**(दफा १५ को उपदफा (२) को खण्ड (छ) सँग सम्वन्धित)**
**सूचना प्रसाण तथा सञ्चार प्रविधिमा आधारित उद्योग**
**खण्ड (क)**
**सूचना प्रविधि उद्योग**

१. टेक्नोलोजी पार्क,
२. आई.टि. पार्क.
३.वायोटेक पार्क,
४. सफ्टवेयर विकास,
५. कम्प्युटर तथा सम्वन्धित सेवाहरु,
६. तथ्याङ्क प्रशोधन,
७. साइवर क्याफे,
८. डिजिटल म्यापिङ्ग र
९. विजिनेस प्रोसेस आउटसोसिङ्ग - (वि . पि ओ)

**खण्ड (ख)**

## सूचना संचार प्रविधिमा आधारित उद्योग

१. इन्टरनेट,
२. टेलिफोन, मोवाईल टेलिफोन, मोवाइल स्याटलाइट टेलिफोन,
३. टेलिफोन सेवा,
४. भु- उपग्रह (स्याटलाईट) स्थापना एव सञ्चालन भू-उपग्रह प्रसारकेन्द्र स्थापना, भिस्याट र
५. वोडव्याण्ड, पूवाधार, टेलिकम टावर, अष्टिकल नेटवर्क, स्याटलाइट नेटवर्क,

## खण्ड (ग)

## सूचना, प्रसारण प्रविधिमा आधारित उद्योग

१. एफ. एम. रेडियो, डिजिटल रेडियो सेवा,
२. डिजिटल भु-सतही टेलिभिजन, स्याटलाइट टेलिभिजन, केवुलटेलिभिजन,
३. आइपिटिभी अनलाईन सेवा,
४. डिजिटल केवुल टि.भी. नेटवक, डाइरेक्ट-टू-होम स्याटलाईटसेवा, एम, एम, डि. एस नेटर्वक,
५. रकडिङ्ग स्टुडियो, प्रसारण स्टुडियो,
६. प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग र
७. सिनेमा उत्पादन, सिनेमाहल, मल्टिल्पेलक्स सिनेमा हल, फिल्मसिटी, निर्माण फिल्म स्टुडियो निर्माण ।

## अनुसूची -८

## (दफा १५ को उपदफा (२) को खण्ड (ज) सँग सम्वन्धित)

## सेवामूलक उद्योग

**१.** यान्त्रिक कार्यशाला (वर्कशप),
२. छापाखाना तथा छपाई सम्वन्धी सेवा,
३. पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथाडिजाइन, कानूनी लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु,
४. जिनिङ्ग तथा वेलिङ्ग व्यवसाय,
५. चलचित्र, निमाण व्यवसाय,
६. प्रदर्शनी सेवा,
७. सास्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय,
८. निर्माण व्यवसाय,
९. सार्वजनिक यातायात व्यवसाय,
१०, फोटोग्राफी,
११. अस्पताल,
१२. नर्सिङ्ग होम,
१३. शिक्षाण एव प्रशिक्षण, सस्था,
१४. पुस्तकालय अभिलेख तथा संग्रहालय सेवा,
१५. प्रयोगशाला,
१६. हवाई यातायात सेवा,
१७. खेलकुद सेवा,
१८. शीत भण्डारण सञ्चालन (गैह्र कृषिजन्य)
१९. हाउस वायरिङ्ग इलेक्टीकल फिटिङ्ग र मर्मत,
२०. फोहोरमैला संकलन तथा सरसफाई, फोहरमैला पुन:प्रशोधन, घर जग्गा खरिद गरी भूमि विकास गरी विक्री गर्ने व्यवसाय,

२१. निर्माण सम्वन्धी भारी उपकरण (हेभी इक्वीपमेण्ड) भाडा, मर्मत तथा सञ्चालन,
२२. पशु चिकित्सा सेवा
२३. व्याट्री रिचाजिंङ्ग
२४. स्वास्थ्य परीक्षण (एक्स-रे सिटि स्क्यान, एम.आर आई, अल्टा्साउन्ड जस्ता सेवाहरु) तथा स्वास्थ्य परीक्षण प्रयोगसाला,
२५. निर्माण भइसकेका पूवाधारहरुको सञ्चालन गर्ने - जस्तैः सभा सम्मेलन भवन,खानेपानील आपूर्ति इन्धन तथा इन्धनजन्य ग्यास आपूर्ति सम्वन्धी पाइप लाइन, गोदामघर तथा भण्डारण, विमानस्थल, वसपार्क, रङ्गशाला, स्पोर्टस कम्प्लेकस, रोपवे, सहक, सिचाई, विद्युत प्रशारण, विद्युत गृह, कार्गो कम्प्लेक्स, इनल्याण्ड क्लियरेन्स डिपो (आई सि.डि.) आदि सेवा सञ्चालन गर्ने । व्यावसायहरु,
२६. खाद्यान्न कुटानी,पिलानीर प्याकिङ्ग गर्ने कार्य मसला प्याकिङ,
२७. कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई (कपडा वुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा वाहेक ।
२८. प्याकेजिङ्ग , रिफिलिङ्ग सेवा (एल.पी.जी ग्यास रिफिलिङ्ग गर्ने स्टेशन समेत)
२९. कुरियर सेवा
३०. विउटी पालर,
३१. सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय,
३२. प्रकाशन सेवा,
३३. विज्ञापन सेवा,
३४. विज्ञापन सामग्री तयार गर्ने सेवा,
३५. समाचार सम्प्रेषण सेवा,
३६. टेलिभिजनवाट प्रसारण गर्न वनाईएका कार्यक्रम र डकुमेन्ट्रीटेली फिल्म उत्पादन तथा प्रसारण,
३७. स्वाईल टेष्टिङ्ग सेवा,
३८. स्वास्थ्य (हेल्थ) क्लव,
३९. पानी धुवानी तथा वितरण सेवा,
४०. जुलोजिकल पार्क सञ्चालन,
४१ जियोलोजिकल पा सञ्चालन,
४२. व्यवसाय सम्वद्धन सेवा (विजिनेस इन्क्यूवेसन सभिस),
४३. व्यापारिक कम्प्लेक्स सञ्चालन,
४४. नायाटक पार्क,
४५. सिनेमा हल,
४६. मल्टिप्लेक्स थियटर,
४७. सिलाई वुनाई,
४८. खनिज अध्ययन तथा अनुसन्धान,
४९. अनुसन्धान तथा विकास सेवा ।

प्रमाणित गर्नेको नामः- झक्कु प्रसाद घर्ती मगर
अध्यक्ष
त्रिबेणी गाउँपालिका, रुकुम पश्चिम
दस्तखतः-